**प्रस्ताव : मिति २०७७/०२/२९ गते, बिहिबार, ८३ औं कार्यपालिका बैठक**

१. आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम सम्वन्धमा
२. समपुरक तथा विशेष अनुदान सम्वन्धमा
३. १६ नं. वडाको ग्राभेल सम्वन्धमा
४. भुक्तानी सम्वन्धमा
५. चोक नामाकरण र प्रतिमा स्थापना सम्वन्धमा
६. विपद व्यवस्थापन सम्वन्धमा
७. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा
८. समवेदना सम्वन्धमा

**निर्णय नं. १ :**

घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम माथि छलफल गरियो । प्रस्तावित नीति तथा कार्यक्रम नगर सभामा पेश गर्ने गरी नगर कार्यपालिकाबाट पारित गरियो ।

**निर्णय नं. २ :**

घोराही उपमहानगरपालिकामा तपशिल बमोजिमका आयोजनाहरु केन्द्र / प्रदेश सरकारको विशेष / समपुरक अनुदान सहायता अन्तर्गत संचालन गर्न तपशिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरि विशेष अनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१ तथा समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७६ को अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोग तथा प्रदेश सरकारमा माग गर्ने।

**तपशिलः**

**राष्ट्रिय योजना आयोगमा माग गर्ने आयोजनाहरु**

**क) समपुरक अनुदान अन्तर्गत**

१. घोराही उपमहानगरपालिका वडा नं. १, हेक्राम ठाँटिकोट खानेपानी आयोजना
२. घोराही उपमहानगरपालिका वडा नं. ७, स्वास्थ्य चौकी भवन निर्माण
३. घोराही उपमहानगरपालिका वडा नं. ११, मा.वि. खैराको चार कोठे भवन निर्माण

**ख) विशेष अनुदान तर्फ**

१. घोराही उपमहानगरपालिका वडा नं. २, चाक्लीघाटमा स्वास्थ्य चौकी भवन निर्माण

२. घोराही उपमहानगरपालिका वडा नं. १७, पशु विज्ञान शिक्षालय भवन निर्माण

३. घोराही उपमहानगरपालिका वडा नं. १२, स्वास्थ्य चौकी भवन निर्माण

**प्रदेश सरकारमा माग गर्ने आयोजनाहरु**

**क) समपुरक अनुदान अन्तर्गत**

१. घोराही उपमहानगरपालिका वडा नं. ११ जितपुर खानेपानी आयोजना

२. घोराही उपमहानगरपालिका वडा नं. १३ स्वास्थ्य चौकी भवन निर्माण

३. घोराही उपमहानगरपालिका वडा नं. १० खानेपानी टंकी निर्माण

**ख) विशेष अनुदान अन्तर्गत**

१. घोराही उपमहानगरपालिका वडा नं. १४, बालविकास मा.वि.को भवन निर्माण

२. घोराही उपमहानगरपालिका वडा नं. १६ खानेपानी अयोजना

## निर्णय नं. ३:

घोराही उपमहानगरपालिका १६ नम्बर वडा कार्यालयको मिति २०७६/१२/५, च. न. ९०५६ को पत्र अनुसार घोराही उपमहानगरपालिका वडा नम्बर १६ स्थित प्रेरित टोल विकास संस्था र शहरी सदन (रमन के.यस कम्पनी) बीच मिति २०७५/९/२० गते भएको सम्झौता बमोजिम चन्द्र महिला सामुदायिक वन समुह देखी डाँफे टोल सम्म १५०० मिटर लम्बाई र १२ मिटर चौडाई बाटो विस्तार गरी ग्राभेल र रोलिंग गर्नको लागि शहरी सदन (रमन के.यस कम्पनी) बाट जेसीभी, टिप्पर, रोलर उपलब्ध गराउने र प्रेरित टोल विकास संस्था बाट ग्राभेलको व्यवस्था गर्नुपर्ने भएकोले उक्त प्रेरित टोल विकाश संस्थाबाट ग्राभेलको लागि राजस्व तिर्न नसक्ने देखिएकाले प्रेरित टोल विकास संस्थाको निवेदन समेत निशुल्क ग्राभेल उपलब्ध गराउन भनिपत्र पेश हुन आएको हुँदा नदि जन्य पदार्थ एवं प्राकृतिक स्रोत साधनको अनियन्त्रित उत्खनन अनावश्यक उपयोग एवं दोहन नहुने व्यवस्था मिलाउने जिम्मेवारी सम्वन्धित वडाका वडा अध्यक्ष एवं वडा सचिबमा रहने गरि चन्द्र महिला सामुदायिक वन समुह देखी डाँफे टोल सम्म १५०० मिटर लम्बाई र १२ मिटर चौडाई बाटोमा लाग्ने १४४० घ.मि. ग्राभेल सेवार खोलाबाट निशुल्क उठाउन अनुमति दिने।

## निर्णय नं. ४

४.१ घोराही उपमहानगरपालिका कोरोना रोकथाम, नियन्त्रणका लागि शंसक्स्पद व्यक्ति एवं क्वारेन्टाइनमा रहेका व्यक्तिलाई ओसारपसार गर्ने कार्यमा खटिएका तपशिल बमोजिम एम्बुलेन्सको भाडा कोरोना कोष, एवं विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने।

तपशिलः

| सि.नं. | एम्बुलेन्स नम्बर/चालकको नामथर | जम्मा रकम | कै |
|---|---|---|---|
| १. | श्रवण चौधरी/रा.१.च.५३९ | २१४०० | |
| २. | कृष्ण चौधरी/ रा.१.च.६०७ | १७३०० | |
| ३. | अमर कंवर/ रा.१.च. ८९२ | १३५०० | |
| ४. | निराजन चौधरी/ रा.१.च. ५८७ | १९१०० | |
| ५. | भरत चौधरी/ रा.१.च. ४५५ | १९७०० | |
| ६. | अजय चौधरी/रा.१.च ४६४ | १३२०० | |
| ७. | भिम कुमार चौधरी/ रा.१.च. ४२४ | १९७०० | |
| ८. | कृष्ण चौधरी/ रा.१.च. २८४ | ६१०० | |
| ९. | विकास चौधरी/ रा.१.च. ४८० | १०७०० | |
| | **जम्मा** | **१४०७००** | |

४.२ गत आ.व. ०७५/०७६ मा लागत सहभागितामा पिच भएका सडकहरुको भुक्तानी गर्ने सम्वन्धमा घोराही उपमहानगरपालिकाका प्रवक्ता श्री भारत अर्यालको संयोजकत्वमा गठन भएको छानबिन समितिको निस्कर्ष एवं नगर कार्यपालिकाको निर्णय अनुसार तेस्रो पक्ष मूल्यांकन गराई भुक्तानी दिने भनी निर्णय भए बमोजिम मूल्यांकनका लागि भौतिक पूर्वाधार मन्त्रालय प्रदेश नं.५, बुटवलमा च.नं. ६८२३, मिति २०७७/१/१५ तथा च.नं. ७२२८ मिति २०७७/२/२० गतेको पत्र मार्फत अनुरोध गरिएकोमा हाल सम्म प्रक्रिया अगाडी नबढेकोले निजि फर्मबाट मूल्यांकन गराई पेश गर्न योजना शाखालाई अनुमति दिने ।

## निर्णय नं. ५:

५.१ घोराही उपमहानगरपालिका क्षेत्र भित्र रहेका विभिन्न चोकहरुलाई विभिन्न व्यक्ति तथा संस्थाले आफु खुसी नामाकरण गर्ने र प्रतिमा राख्ने क्रम बढ्दै गएको र यस प्रवृत्तिले उपमहानगरपालिकाको आधिकारिक धारणा र निर्णयाधिकारमा समेत गम्भीर असर पुर्याएको महसुस भएकोले अब उप्रान्त नगरभित्र रहेका सबै चोकको नामाकरण र प्रतिमा राख्ने सम्वन्धमा नगरको अनुमति अनिवार्य गर्ने । नगरको अनुमति बेगर गरिएका नामाकरण र राखिएका प्रतिमाहरुलाई तत्काल अवैध घोषित गरी बनाइएको संस्था समेत तत्काल भत्काउने ।

५.२ नगरभित्र विभिन्न टोल विकास संस्थाहरुले नगरको अनुमति विना स्वागतद्वार निर्माण गर्दा नगरको सौन्दर्यमा समेत नकारात्मक असर पर्ने तथा सडक दुर्घटना एवं जोखिम बढाउन सक्ने देखिएकोले स्वागतद्वार निर्माण गर्दा समेत नगरको अनुमति अनिवार्य गर्ने ।

**निर्णय नं. ६:**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको २०७७/२/२८ गतेको निर्णय बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १९को च.नं. ५७० मिति २०७७/०१/१० को पत्र तथा संलग्न प्राविधिक ल.ई. अनुसार घोराही कटुवा खोला पलासे सैघा वडा कार्यालय सडक मर्मत गर्न लाग्ने रकम रु ३५३८५९( अक्षरुपी तिन लाख त्रिपन्न हजार आठ सय उनान्साठी मात्र) घोराही उपमहानगरपालिकाको विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**निर्णय नं. ७ :**

घोराही उपमहानगरपालिका अन्तर्गत नगर शिक्षा समितिको निर्णय बमोजिम शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं. १५ मिति २०७७/०२/२० को पत्रानुसार विद्यालय समायोजन सम्वन्धमा यस पालिका अन्तर्गतका सामुदायिक एवं संस्थागत विद्यालयहरुलाई सूचना प्रवाह गर्ने र हाल प्रा.वि. हरिद्वार गोरक्ष रत्ननाथ मा.वि. चौघेरामा र वि.पी बालबाटिका प्रा.वि. सिद्धरत्ननाथ नमुना मा.वि. नारायणपुरमा समायोजन हुन दुवै विद्यालयको सहमति समेत प्राप्त भएको हुँदा उपर्युक्त विद्यालयहरु समायोजन गर्ने ।

**निर्णय नं. ८:**

घोराही उपमहानगरपालिकाका सदस्य श्री टोपा कुमारी पौडेलकी सासुआमा श्री नुमादेवी पौडेलज्युको ८४ वर्षको उमेरमा यहिँ मिति २०७७/०२/२१ गतेका दिन आसामयिक स्वर्गारोहण भएको खबरले घोराही उपमहानगर परिवारलाई अत्यन्त दुखी तुल्याएको छ। यस दुःखद घडीमा स्वर्गवासी आत्माको चिर शान्तिको कामना र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक संवेदनाका साथ शोक प्रस्ताव पारित गर्ने ।